# यस किताबलाई उपयोग गर्ने तरिका

यो पुस्तक, मुख्यतः सेन्दाईमा बसोवास गर्दै आउनुभएको समय 3 महिना भन्दा कम रहेका महानुभावहरु लाई लक्षित गरेर तयार पारिएको छ । सार्वजनिक हितको सँस्था सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ (SenTIA) को अन्तर्राष्ट्रिय विभागको होमपेज (HP) मा, अझ विस्तृत जानकारी वा यस किताबमा नसमेटिएको जानकारीहरु पनि समेटिएको छ । अवश्य हेर्नुहोला । यस पुस्तकमा प्रयोग गरिएका जापानी भाषा विदेशी नागरिकहरु लाई लक्षित गरि, सरल जापानी भाषामा लेखिएको छ ।

सार्वजनिक हितको सँस्था सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ (SenTIA) को अन्तर्राष्ट्रिय विभागको होमपेज (HP)

यो किताबमा, प्रयोग गरिएको जापानिज भाषा, बिदेशीनागरिकहरुको लागी भनेर, सरल जापानिज भाषामा बर्णन गरिएको छ ।

नोट 1) संक्षिप्त भाषा : जापानी भाषा → जा, अंग्रेजी भाषा → अं, चाइनिज भाषा → चा, कोरियन भाषा → को, माथि उल्लेख भएका भाषा बाहेक भियतनामी भाषा → भियतनामको रूपमा लेखेको छ ।

नोट 2) यस पुस्तकमा उल्लेख भएको सार्वजनिक उपभोगिय वस्तुमा लाग्ने शुल्कहरू परिवर्तन हुन सक्दछ ।

## सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र (SenCUL, सेनकल) खुल्ने समय 9:00-17:00

**बन्द हुने दिनहरु: आईतबार, सार्वजनिक बिदा, प्रत्येक महिनाको दोस्रो सोमबार र नयाँबर्षको बिदामा बन्द हुनेछ, यदि सोमबार सार्वजनिक बिदा परेमा, त्यो पछिको अर्को हप्ताको सोमबार बन्द हुनेछ।**

विदेशी बासिन्दाहरूको सहज जीवनयापनको लागि परामर्श वा, बहुसांस्कृतिक समाजमा सामुदायिक विकास सँग सम्बन्धित परामर्शहरु पनि प्रदान गर्छौं ।

सेन्दाईको बसोवासलाई सहज पुरयाउको लागि उपयुक्त जानकारीहरु बहुभाषामा प्रदान गर्दछौं। साथै, जापानी भाषा सिक्नइच्छुक व्यक्तिहरूको लागि जापानी भाषा कक्षाको बारेमा पनि जानकारी उपलब्ध छन ।

अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी र नेपाली भाषाहरुमा चाँही, परामर्शकर्मी द्वारा सिधै परामर्श उपलब्ध हुनेछ ।

**TEL : 022-265-2471 इमेल :** tabunka@sentia-sendai.jp

दोभाषे सहायता टेलिफोन र भिडियो कल द्वारा गरिने दोभाषे सहायता भने, तलको उपलब्ध भएको भाषाहरुमा सेवा प्रदान गरिन्छ।

अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, पोर्तुगाली, स्पेनी, थाई, रसियन, इन्डोनेशियन, तागालोग, इटालियन, फ्रान्सेली, जर्मनी, मलेसियन, खामेर, बर्मेली, मंगोलियन, सिंहला, हिन्दी, बंगाली, उर्दु, युक्रेनी भाषाहरु आदि

**दोभाषे सहायता टेलीफोन (TEL : 022-224-1919)**

दोभाषे सहायता टेलीफोन HP

**विदेशी नागरिकका लागिको विशेषज्ञिय परामर्श कार्यक्रम** नियमित रूपमा सन्चालन गर्दै आएको छ। मियागी प्रान्त प्रशासनिक लेखनदास संघ, सेन्दाई वकिल संघ, सेन्दाई अध्यागमन बिभाग (इमिग्रेशन) मियागी श्रमिक ब्युरो, तोहोकु कर लेखनदास संघ, सेन्दाई शहर उद्योग ब्यबसाय सहायता केन्द्र ASSISTA का कर्मचारीहरु सँग परामर्श लिन सकिन्छ । परामर्श नि:शुल्क हुनेछ ।

विशेषज्ञिय परामर्श कार्यक्रम HP

# सिटी कार्यालय र वडा कार्यालयको प्रक्रिया आदिको लागि सम्पर्क

सिटी कार्यालय र वडा कार्यालयको प्रक्रिया आदि नबुझेको खण्डमा सेन्दाई सिटी बृस्तित कल सेन्टर 「भनिदेउ MORI नो MIYAKO हेल्पलाइन」 को प्रयोग गरौं । जापानी भाषा बाहेक 5 वटा भाषाहरूमा सहयोग गरिन्छ ।

| सेन्दाई सिटी बृस्तित कल सेन्टर 「भनिदेउ MORI नो MIYAKO हेल्पलाइन」<br>TEL : 022-398-4894 | |
|---|---|
| खुल्ने समय | वर्षभरि खुल्ने छ 8:00-20:00<br>(शनि, आईत, डिसेम्बर 29 तारिक देखि जनवरी 3 तारिक 8:00-17:00) |
| उपलब्ध भाषाहरू | जापानी, अंगेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, भाषाहरु<br>※ जापानी भाषा बाहेक यो तीन-पक्ष फोनबाट दोभाषे गरिनेछ । |

**●यस्तो बेलामा सम्पर्क गर्नुहोस●**

**(1) सिटी कार्यालय र वडा कार्यालयको प्रक्रिया बारेमा जान्न चाहनु भएमा**

कहाँ गएर कस्तो प्रकारको प्रक्रिया गर्दा हुन्छ,प्रक्रिया गर्नेबेलामा लिएर गनुपर्ने आवश्यक कागपत्रको बारेमा बताउनेछौं ।

उदाहरण ・ठेगाना परिवर्तन भयो
・बच्चा जन्मियो
・राष्ट्रिय स्वास्थ्य बिमा प्रक्रिया
・माई-नम्बर कार्डको लागि प्रक्रिया आदि ।




**(2) तपाईंले फोहोर बाहिर राख्ने प्रक्रिया जान्न चाहनु भएमा**

जस्तै तपाईंले फोहोर बाहिर राख्ने दिन वा फोहोर छुट्याउने तरिका आदि, फोहोर राख्ने नियमहरूको बारेमा बताउनेछौं ।

उदाहरण ・फोहोर निकाल्ने समय
・कागजको फोहोर (पत्रिकाहरू र कार्डबोर्डलाई छुट्याउने तरिका)
・क्यान, सिसाको बोतलहरू, प्लास्टिक बोतलहरू र ब्याट्रीहरू फाल्ने तरिका

**(3) कहाँ सम्पर्क गर्ने भनि थाहा नभएको बेलामा**

सिटी कार्यालय वा वडा कार्यालयको कुन ठाउँ मा सम्पर्क गर्दा हुन्छ भनेर थाहा नभएको बेलामा कल सेन्टरमा सम्पर्क गर्नुहोस ।

※ यदि कल सेन्टरबाट जवाफ पाउन सक्नु भएन भने, सेन्दाई बहुसाँस्कृतिक केन्द्रमा सम्पर्क गरेर सोध्न सक्नुहुन्छ ।

※ वार्ड कार्यालय र सामान्य शाखा कार्यालयहरू बाट पनि भिडियो कलको माध्यमबाट बहुभाषामा दोभाषे सहायता प्रदान गर्दै आएको छ ।

उपलब्ध भाषाहरु : अंग्रेजी, चाइनिज, कोरियन, भियतनामी, नेपाली, युक्रेनी, रसियन र यसबाहेक अन्य १० भाषाहरू

※ सेन्दाई सिटिको वेबसाइटमा स्वचालित अनुवाद गर्न सकिने प्रविधि छ।
वेबसाइटको शीर्ष भागको दायाँ पट्टि "विदेशी भाषा" लेखेको हुँदा, त्यहाँबाट आफ्नो भाषा चयन गरि, स्वचालित अनुवाद (बाह्य साइटको लिङ्क) बटनमा क्लिक गर्नुहोस (नेपाली भाषा बाहेक)।